

# नेपालमा खाद्य अधिकार

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन
२०७५ को विश्लेषण

AMNESTY INTERNATIONAL

एम्नेस्टी इन्टरनेसनल विश्वमा सबैले मानवअधिकारको उपभोग गर्न सक्ने वातावरण निर्माणमा अभियानरत ७० लाख भन्दा बढी मानिसको विश्वव्यापी अभियान हो ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूले प्रत्याभूत गरेका अधिकारहरू सबैले उपभोग गर्न पाएको अवस्थानै हाम्रो परिदृष्य हो ।

हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौं र सदस्यता शुल्क तथा सार्वजनिक अनुदान हाम्रो आर्थिक श्रोत हो ।

©एम्नेस्टी इन्टरनेसनल २०१९
अन्य तरिकामा उल्लेख गरिएको बाहेक, यो दस्तावेजको सामग्री *क्रिएटिभ कमन्स* (attribution, non-commercial, no derivatives, international 4.0) को मातहतमा इजाजत प्राप्त छ ।
https://creativecommons.org/licenses/by-nc-nd/4.0/legalcode
थप जानकारीको लागि हाम्रो वेबसाइट www.amnesty.org को अनुमति पृष्ठमा हेर्नुहोला ।
एम्नेस्टी इन्टरनेसनल बाहेक अन्यको प्रतिलिपि अधिकार भएको सामग्री *क्रिएटिभ कमन्स*अन्तर्गत पर्ने छैन ।
एम्नेस्टी इन्टरनेसनल लि.
प्रथमपटक प्रकाशित मिति २०१९
पिटर बेननसन् हाउस, १ इस्टन स्ट्रिट
लण्डन WC1X ODW, UK

कभर फोटोः बिरगंज, नेपाल- फेब्रुअरी १७, २०१३: बिरगंज नजिकैको एउटा गाउँमा निलो सारी लगाएकी एक जना महिला तोरीको बिउ केलाउँदै ।

©क्रिस्टियन एन्डर/योगदानकर्ता/गेट्टी इमेजेज

**Index: ASA 31/0130/2019**
**Original language: English**

**amnesty.org**

AMNESTY INTERNATIONAL

# विषय सूची


| | |
|---|---|
| १.परिचय | ४ |
| २. लागू हुने अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरू | ९ |
| ३. सैवैधानिक प्रतिज्ञाहरू | १२ |
| ४. ऐनमाथिका टिप्पणीहरू | १४ |
| ४.१. कानुनी संरक्षणको दायरा | १५ |
| ४.२. शब्दावलीहरूको परिभाषा | १५ |
| ४.३. कानुनी प्रत्याभूतिहरू | १८ |
| ४.४. भोकमरीको रोकथाम | १८ |
| ४.५. प्राथमिकता प्राप्त घर परिवारहरूलाई खाद्यान्न सहयोग | १८ |
| ४.६. महिला सशक्तिकरण | १९ |
| ४.७. किसानको अधिकार | २१ |
| ४.८. खेतियोग्य जमिनको दिगो उपयोग | २२ |
| ४.९. राष्ट्रिय खाद्य योजना | २२ |
| ४.१०. तीन तहका सरकारबीचको समन्वय | २३ |
| ४.११. वैज्ञानिक प्रविधिको विकास र अनुसन्धान | २३ |
| ४.१२. मूल्य स्थिरता | २३ |
| ४.१३. *नोडल* (सुपरिवेक्षण) संयन्त्रहरू | २४ |
| ४.१४. कसुर र सजाय | २४ |
| ४.१५. क्षतिपूर्ति | २५ |
| ४.१६. गुनासो सुनुवाइ गर्ने संयन्त्र | २५ |
| **५. निष्कर्श** | २७ |

# १. परिचय

"खाद्यसम्बन्धी हक" लाई प्रत्याभूत गर्ने नेपालको संविधान २०७२ को धारा ३६ लाई कार्यान्वयन गर्नका लागि बनाइएको खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५ लाई एम्नेस्टी इन्टरनेसनल स्वागत गर्दछ । राष्ट्रपतिले स्वीकृत गरेपछि उक्त ऐन २०७५ साल असोज २ गतेदेखि लागू भएको छ ।

नेपालमा राष्ट्रिय खाद्य सुरक्षित घरधुरी जम्मा ४८.२%[1] रहेको छ, २१.६% जनसङ्ख्या गरिबीमा रहेका छन्, झण्डै ४१% जनसङ्ख्या न्यूनतम *क्यालोरी इन्टेक* प्राप्त गर्नबाट वञ्चित छ र लगभग २० लाख मानिसहरू कुपोषित रहेको ठानिएको छ । पाँच वर्षमुनिका बालबालिकामा सुकेनासको समस्या ३६% रहेको छ र पाँच वर्षमुनिका झण्डै ५३% बालबालिकाहरू (६% सामान्य, २६% मध्यम, र १% गम्भीर)[2] रक्तअल्पताबाट पीडित छन् । नेपाल सरकारले उक्त भोक, कुपोषण र खाद्य असुरक्षको समस्याबाट बाहिर आउने वाचा गरेको छ ।[3]

संविधानको धारा ३६ लगायतका प्रतिज्ञाहरूको वास्तविक परिपूर्तिका लागि बलियो कानुनी व्यवस्था र सोको प्रभावकारी कार्यान्वयन आवश्यक पर्ने कुरालाई एम्नेस्टी इन्टरनेसनल आत्मसात गर्दछ । खाद्य अधिकारसम्बन्धी संवैधानिक व्यवस्था र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (*आइसिइएससिआर*) लगायत नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वका आधारमा खाद्य अधिकार र खाद्य सम्प्रभुतासम्बन्धी ऐनको विश्लेषण गर्दै सरकारलाई कानुनी व्यवस्था सुदृढ पार्ने तथा ऐनमा रहेको सकारात्मक प्रावधानहरूको कार्यान्वयनका प्रयासमा सहयोग पुऱ्याउने उद्देश्यका साथ एम्नेस्टी इन्टरनेसनलले निम्न टिप्पणी तथा सुझावहरू प्रस्तुत गरेको छ ।

नेपालका नागरिक समाज सङ्गठनहरूले ऐनको सबल र कमजोर पक्षहरू पहिचान गरी सकारात्मक प्रावधानहरूको शीघ्र कार्यान्वयनमा नागरिक समाजको रणनीतिक भूमिका तय गर्न चालिएका केही पहलकदमीबाट निस्किएको निष्कर्शलाई पनि एम्नेस्टी इन्टरनेसनलले यी टिप्पणीहरू तयार गर्ने क्रममा सन्दर्भका रूपमा लिएको छ ।[4]

---

[1] हेर्नुहोस्, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, खाद्य तथा पोषणको अवस्थासम्बन्धी प्रतिवदेन, २०१८, http://moad.gov.np/public/uploads/1749913226-St%20Rep_%20Food%20and%20Nutrition%20Secu.pdf

[2] हेर्नुहोस्, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, *टुवार्डस् जिरो हङ्गर इन नेपाल : अ स्ट्राटिजिक रिभिउ अफ फुड सिक्युरिटि एण्ड न्युट्रिसन*, २०१८, https://reliefweb.int/report/nepal/towards-zero-hunger-nepal-strategic-review- food-security-and-nutrition-2018

[3] उदाहरणका लागि, दिगो विकास लक्ष्य (लक्ष्य नं. २ : भोक अन्त्य, खाद्य सुरक्षा हाँसिल गर्ने, सुधारिएको पोषण स्थिति तथा दिगो कृषिको प्रवर्धन) ।

[4] २०७५ मंसिर २५ मा नागरिक समाजको एउटा समूहले हालसालै बनाइएका मौलिक हकसम्बन्धी कानुनहरू (खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, आवासको अधिकारसम्बन्धी ऐन, र भूमि ऐन (सातौं संशोधन) मा आफ्नो चासो र सुझावहरू समावेश गरेर तयार पारिएको ज्ञापनपत्र कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री भानुभक्त ढकाललाई बुझाएको थियो । उक्त ज्ञापनपत्र तयार गर्ने क्रममा अधिकार तथा न्याय संस्था (जुरी-नेपाल), सामुदायिक आत्मनिर्भर केन्द्र (

खाद्य अधिकार उल्लङ्घनको जोखिममा रहेका र सीमान्तकृत समुदाय लगायत सबैले पर्याप्त खाद्य अधिकारलाई प्राप्त गरेको सुनिश्चित गर्नका लागि एम्नेस्टी इन्टरनेसनल नेपाल सरकारलाई यस ऐनमा भएका विभिन्न सारभूत प्रावधानहरू (जस्तै परिभाषा, भोकमरीसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनहरूको जवाफदेहीता, कार्यान्वयन संयन्त्रको समावेशीकरण) का सन्दर्भमा रहेका कमजोरीलाई संबोधन गर्न आह्वान गर्दछ ।

सिएसआरसि), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सञ्जाल र खाद्य अधिकार सञ्जाल-नेपालले संयुक्त रूपमा २०७५ असोज २६ र २७ मा "मौलिक हक कार्यान्वयनसम्बन्धी कानुनहरू"सम्बन्धी विज्ञ समीक्षात्मक कार्यशाला र २०७५ कत्तिक १५ मा एउटा वृहत अन्तर्क्रियात्मक कार्यशाला आयोजना गरेका थिए ।

# २. लागू हुने अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू

*आइसिइएससिआर* लगायत अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सबैजसो मूख्य सन्धिहरूलाई अनुमोदन गरेर नेपालले एउटा व्यापक दायराको मानवअधिकारका विषयलाई सम्मान, संरक्षण र परिपूर्ति गर्ने प्रतिबद्धता जनाएको छ ।

*आइसिइएससिआर*को धारा ११.१ अनुसार "यस अनुबन्धका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिले पऱ्याप्त भोजन, लुगा र आवाससमेत आफू स्वयं र आफ्नो परिवारको पऱ्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्त्व स्वीकार गर्दै यस अधिकार प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।"

धारा ११.२ ले थप व्यवस्था गर्दै भनेको छ, "भोकबाट उन्मुक्त हुने सबैको मौलिक हकलाई मान्यता दिँदै यस अनुबन्धका पक्ष राष्ट्रहरूले आफैं र अन्तर्राष्ट्रिय सहयोगका आधारमा विशेष कार्यक्रमका साथै निम्न उपायहरू अवलम्वन गर्नेछन् :

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी, पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरीकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुवैका समस्याहरुलाई ध्यान दिँदै आवश्यकताअनुरुप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।"

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समिति (सिइएससिआर) ले पर्याप्त खाद्य अधिकार र त्यससँग सम्बन्धित राज्यको दायित्वअन्तर्गतको मानक तत्वहरूका बारेमा स्पष्ट पारेको छ ।[5]

पर्याप्त खाद्य अधिकारसम्बन्धी दायित्व पुरा गर्नका लागि राज्यहरूले भोकलाई तत्काल संबोधन गर्नुपर्दछ र प्रगतिशील ढङ्गमा "प्रत्येक पुरुष, महिला र बालकको एक्लै वा समुदायका अन्यसँगै सबै समयमा पर्याप्त खाद्यन्नमाथि भौतिक र आर्थिक पहुँच प्राप्त गरेको

[5] सिइएससिआर, सामान्य टिप्पणी नं. १२, पर्याप्त खाद्य अधिकार, युएन दस्तावेज,12/1999/5 । अन्य सान्दर्भिक सामान्य टिप्पणीहरूमा पानीको अधिकारसम्बनधी सामान्य टिप्पणी नं. १५ पर्दछ, युएन दस्तावेज,E/C.12/2002/11.

वा आवश्यक खाद्यान्न प्राप्त गर्ने साधन र सुविधा उपलब्ध भएको” कुराको सुनिश्चित गर्नुपर्दछ ।[6]

खाद्य अधिकारको व्यवहारिक रूपमा प्राप्ति भएको कुरालाई राज्यले खाद्य अधिकारसम्बन्धी निम्न अन्तर्वस्तुका आधारमा सुनिश्चित गर्नुपर्दछ :

- उपलब्धता : उत्पादनशील भूमि वा अन्य प्राकृतिक स्रोतको माध्यमबाट वा राम्रोसँग सञ्चालित वितरण, प्रशोधन वा बजार प्रणालीबाट आफ्नो भोजनको व्यवस्था गर्न सक्ने संभावना । अन्य मुलुकहरूमा खाद्य अधिकारको सम्मानलाई सुनिश्चित गर्न अन्तर्राष्ट्रिय हिसाबमा काम गर्दा खाद्य अधिकारको संरक्षण गर्ने, खाद्यको पहुँचमा सहजीकरण गर्ने तथा परेको बखतमा आवश्यक सहयोग प्रदान गर्ने राज्यको दायित्व समेत यसमा समावेश हुन्छ ।[7]
- पहुँचता : आर्थिक पहुँचता (आर्थिक गतिविधि, उचित अनुदान वा सहयोगको माध्यमबाट) र भौतिक पहुँचता ( विशेषगरी जोखिममा रहेका समूहका लागि) । सामाजिक तवरमा जोखिममा रहेका तथा अन्य तवरमा सुविधाबाट वञ्चित रहेकाहरूका लागि विशेष कार्यक्रमका माध्यमबाट ध्यान दिनुपर्ने हुन सक्छ । यस्तो जोखिममा रहेकाहरूमा प्राकृतिक विपतका पीडितहरू र प्रकोपको जोखिमता रहेको क्षेत्रमा बसोवास गरिरहेकाहरू पर्दछन् ।
- स्वीकार्यताः “व्यक्तिको आहारको आवश्यकतालाई पुर्ति गर्न आवश्यक उचित गुणस्तरसहितको परिणामको कुनै पनि प्रतिकूल मिसावटबाट मुक्त रहेको र सांस्कृतिक रूपमा स्वीकार्य प्रकृतिको खाद्यन्नको उपलब्धता” ।[8]

पक्ष राष्ट्र भएको नाताले नेपालले त्यसकारण पर्याप्त खाद्य अधिकारलाई निम्नबमोजिम सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने हुन्छ : क) पर्याप्त खाद्यको पहुँचमाथि रोक लगाउने खालका उपायहरू अवलम्वन गर्नबाट टाढा रहेर ख) तेश्रो (गैर राज्य) पक्षले जनताको पर्याप्त खाद्यमाथिको पहुँचबाट वञ्चित नपारेको सुनिश्चित गरेर र ग) खाद्यमाथिको पहुँचमा सहजीकरण गर्न, खाद्य सुरक्षालाई सबल बनाउन तथा सङ्कट वा अन्य अवस्थाका कारण आफ्नो भोजन व्यवस्था गर्न नसक्ने अवस्थामा रहेकाहरूका लागि न्यूनतम आवश्यक भोजनको व्यवस्था गर्नका लागि अग्रसक्रीय भूमिका खेलेर ।[9]

सिइएससिआरले जोड दिएजस्तो खाद्य अधिकारका केही मूख्य न्यूनतम तत्वहरू[10] (जस्तै भोकबाट मुक्ति, अविभेदको प्रत्याभूति, सुरक्षित पिउने पानीमाथिको पहुँच)[11] लाई तत्काल व्यवहारमा लागू गरिहाल्नु पर्ने हिसाबमा लिइनुपर्दछ । उपलब्ध श्रोतहरू अपर्याप्त भएको अवस्थामा समेत खाद्य अधिकारका यी मुख्य न्युनतम तत्वहरूलाई सकेसम्म बढी प्राप्त गर्न सकिएको कुरा सुनिश्चित गर्नेतर्फ प्रयत्नरत रहने राज्यको जिम्मेवारी रहेको हुन्छ ।[12]

पर्याप्त खाद्य अधिकारको विषय नेपालले अनुमोदन गरेको अन्य बाध्यकारी सन्धिअन्तर्गतको पनि अंश हो । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आइसिसिपिआर) को धारा ६ अन्तर्गतको जीवनको अधिकारलाई संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले पक्ष

---

[6] सिइएससिआर सामान्य टिप्पणी नं १२, पर्याप्त खाद्य अधिकार, अनुच्छेद ६ ।
[7] सिइएससिआर, सामान्य टिप्पणी नं. १२, अुनच्छेद ३६ ।
[8] सिइएससिआर, सामान्य टिप्पणी नं. १२, अुनच्छेद ८ ।
[9] सिइएससिआर, सामान्य टिप्पणी नं. १२, अुनच्छेद १५ ।
[10] सिइएससिआर, सामान्य टिप्पणी नं. १२, अुनच्छेद १४ र १७ । सिइएससिआरका अनुसार मौलिक हकको “न्यूनतम मुख्य” अवधारणामा राज्यले व्यक्तिका सबैभन्दा अत्यावश्यक आवश्यकतालाई प्राथमिकता दिनुपर्दछ भन्ने सोच निहित रहेको हुन्छ ।
[11] सिइएससिआर, सामान्य टिप्पणी नं. १२, अुनच्छेद १५, पानीको अधिकार (आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ११ र १२), अनुच्छेद ३७. एफ ।
[12] सिइएससिआर, सामान्य टिप्पणी नं.३, पक्ष राष्ट्रहरूको दायित्वको स्वरुप (पाँचौं सत्र, १९९०), युएन दस्तावेज E/1991/23

राष्ट्रहरूले “कुपोषण र महामारी उन्मुलनका लागि विशेष उपायहरू अवलम्वन गरेर शिशु मृत्युदर घटाउन र औसत आयुदर वृद्धि गर्न”[13] का लागि सकारात्मक कदम चाल्नुपर्ने भनी व्याख्या गरेको छ ।

महिलाविरुद्ध हुने सबै खाले विभेदको उन्मुलनसम्बन्धी महासन्धि (सिड) ले गर्भावस्थामा र शिशुलाई स्तनपान गराउने समयमा महिलाहरूको पर्याप्त पोषणको अधिकार[14] तथा ग्रामीण महिलाहरूको “कृषिजन्य कर्जा वा ऋण, बजार सुविधाहरू, उपयुक्त प्रविधिमाथिको पहुँच तथा भूमि वा कृषिजन्य सुधार लगायत भूमि पुनर्वास योजनाहरूमा महिलाहरूप्रति समान व्यवहार”[15] लाई स्थापित गरेको छ ।

बालअधिकारसम्बन्धी महासन्धि (सिआरसि) ले प्रत्येक बालकको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकास[16] का लागि पर्याप्त जीवनस्तरको अधिकारलाई आत्मसात गरेको छ । साथै पक्ष राष्ट्रहरूलाई “पर्याप्त पोषणयुक्त खाद्यान्न र स्वच्छ पिउने पानी”[17] समेतको व्यवस्था गरेर रोग र कुपोषणका विरुद्ध लड्न बाध्यकारी बनाएको छ ।

त्यसैगरी, अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) महासन्धि १६९ मा आदिवासी जनताहरूले आफ्नो खाद्य अधिकारलाई पूर्ण उपभोग गरेको सुनिश्चित गर्नका लागि सहयोगी थुप्रै प्रावधानहरू रहेका छन् । सान्दर्भिक धाराहरूमा धारा २ (सामाजिक र साँस्कृतिक पहिचान तथा संस्कृति, परम्परा तथा संस्थाहरूसमेतको सन्दर्भमा आदिवासी जनसङ्ख्याको आर्थिक र सामाजिक अधिकारहरूको पूर्ण प्राप्ति), धारा २ र ६ (सहभागिता र परामर्श), धारा ७ प्राथमिकताहरू निर्धारण गर्ने तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमाथिको नियन्त्रणको अभ्यास, धारा १५ (श्रोतको नियन्त्रण गर्ने अधिकार), धारा १३ देखि १७ (आदिवासी जनताहरूको भूमिको अधिकारको संरक्षण) र धारा २४ (सामाजिक सुरक्षा) पर्दछन् । खाद्य अधिकारलाई अन्तराष्ट्रिय मानवीय कानुनले पनि संरक्षण गरेको छ ।[18]

संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) को सदस्य राष्ट्रका नाताले नेपालले राष्ट्रिय खाद्य सुरक्षाका सन्दर्भमा खाद्य अधिकारलाई प्रगतिशील हिसाबमा प्राप्ति गर्नका लागि एफएओको *भोलुन्टरी गाइडलाइन* अनुमोदन गर्नका लागि समर्थन जनाएको छ ।[19]

---

13 मानवअधिकार समिति सामान्य टिप्पणी नं. ६, जीवनको अधिकार, अनुच्छेद ५ ।

14 धारा १२

15 धारा १४ (२)

16 धारा २७ (१)

17 धारा २४ (२) (ग) : “वातावरणीय प्रदुषणको जोखिम र खतरालाई ख्यालमा राखी पर्याप्त पोषणयुक्त खाद्य र शुद्ध खाने पानी उपलब्ध गराएर र तत्काल उपलब्ध प्रविधिको प्रयोगमार्फत प्राथमिक स्वास्थ्य सेवाअन्तर्गत रोग र कुपोषणका विरुद्ध लड्न” ।

18 नेपालका लागि लागू हुने जेनेभा महासन्धि १९४९ तथा यससँग सम्बन्धित आलेखहरूले युद्धको अस्त्रको रूपमा नागरिकहरूलाई भोकमरीको सिकार बनाउन र सर्वसाधारण नागरिकका लागि अत्यावश्यक वस्तुहरू जस्तै खाद्य सामग्री, खाद्य उत्पादनका लागि आवश्यक कृषि क्षेत्र, अन्न बाली, गाईवस्तु, पिउने पानीको पुर्वाधार र सिँचाइसम्बन्धी कार्यहरूलाई आक्रमण गरी ध्वस्त पार्न बन्देज लगाएको छ । हेर्नुहोस्, अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वसम्बन्धी जेनेभा महससन्धिको अतिरिक्त आलेखको धारा ५४ र आन्तरिक सशस्त्र द्वन्द्वसम्बन्धी जेनेभा महासन्धिको अतिरिक्त आलेखकको धारा ६९ र ७० ।

19 उक्त *भोलुन्टरी गाइडलाइन*लाई यहाँ हेर्न सकिन्छ : www.fao.org/3/a-y7937e.pdf

# ३. संवैधानिक प्रतिज्ञाहरू

नेपालको अन्तरिम संविधान २०६३ ले खाद्य सम्प्रभुताको अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गरेको थियो: “कानुनमा व्यवस्था गरिएबमोजिम प्रत्येक नागरिकको खाद्य सम्प्रभुताको अधिकार हुनेछ ।”[20] तथापि, आवश्यक कानुनी व्यवस्था गर्न तत्कालीन सरकारको असफलताका कारण यसलाई व्यवहारमा कार्यान्वयन गर्न सकिएन ।

नेपालको संविधान २०७२ ले अन्तरिम संविधानबाट खाद्य अधिकारलाई ग्रहण गरेको मात्र छैन बरु खाद्य अधिकार संरक्षण तथा भोकबाट मुक्तिका लागि अझ विस्तृत प्रावधानहरू राखेको छ । २०७२ को संविधानमा राखिएका प्रत्याभूतिहरू निम्नानुसार रहेका छन् : (१) प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । स्वास्थ्यसमबन्धी हकको अंशका रूपमा धारा ३५(४) ले स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको अधिकारलाई प्रत्याभूत गरेको छ । यसलाई खाद्य अधिकार लगायत सबै मानवअधिकार प्राप्तिका लागि अत्यावश्यक वस्तुका रूपमा लिइएको छ ।[21]

पर्याप्त खाद्य अधिकारलाई प्रभाव पार्ने अन्य मौलिक प्रत्याभूतिहरू पनि रहेको छन् । सम्मानपूर्वक बाँच्न पाउने हक[22] को विशेष महत्त्व रहेको छ । किनभने खाद्य अधिकार र सम्मानपूर्वक बाँच्न पाउने अधिकारबीचको सम्बन्धलाई सर्वोच्च अदालतले विभिन्न मुद्दाहरूमा मान्यता प्रदान गरेको छ ।[23] महिला, दलित, मधेशी, थारू लगायतका आदिवासी जनजाति र किसान लगायतका समूहलाई समानताको आधारमा सम्मानपूर्वक जीवन जिउनका लागि सहयोग गर्न संविधानको धारा १८ अन्तर्गतको समानतको धाराले राज्यलाई कानुन निर्माण गरेर विशेष व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ ।[24]

---

20 धारा १८

21 संयुक्त राष्ट्रसङ्घको महासभा, सङ्कल्प प्रस्ताव A/RES/64/292; CESCR, सामान्य टिप्पणी नं. १५, खानेपानीको अधिकार

22 नेपालको संविधान, धारा १६ (१) ।

23 उदाहरणका लागि, सम्मानपूर्वक बाँच्न पाउने अधिकार तथा खाद्य सम्प्रभुताको अधिकारबीचको सम्बन्धलाई मान्यता दिँदै प्रोपब्लिकका तर्फबाट प्रकाशमणि शर्मा समेत वि. नेपाल सरकार (रिट नं. २०६५-W0-१४९) मुद्दामा सर्वोच्च अदालतले खाद्यान्नको अभावमा कोही बाँच्न नसक्ने र यदि खाद्यान्नको अभावलाई तत्काल संबोधन नगर्ने हो भने त्यसले अपुरणीय क्षति हुने खतरा रहन्छ र जति बढी ढिलो यो उपचार प्रदान गरिन्छ उति नै बढी यो बिरामीको मृत्यु भएपछि डाक्टरको व्यवस्था गर्नुजस्तै हुन्छ भनी व्याख्या गरेको छ । विस्तृत जानकारीका लागि हेर्नुहोस्, संयुक्त राष्ट्रसङ्घ एफएओ, *रिभिउ अफ दी लेजिस्लेटिभ फ्रेमओर्क एण्ड जुरिस्प्रुडेन्स कन्सर्निङ्ग दी राइट टु एडिक्वयट फुड इन नेपाल*, २०१४, पृष्ठ ९९-१०८, www.fao.org/right-to-food/resources/resources-detail/en/c/253864/

24 धारा १८ (३) को प्रतिबन्धात्मक व्यवस्था

सामाजिक न्यायको एउटा अत्यावश्यक तत्वको रूपमा संविधानको धारा ४२ ले विपन्न वर्ग र "लोपोन्मुख समुदायहरू"को लागि "विशेष अवसर र लाभ" उपलब्ध गराउनुपर्ने कुरालाई मान्यता प्रदान गरेको छ। यसले प्रत्येक किसानको लागि कृषि कार्यका लागि भूमिमा पहुँच हुनुपर्ने व्यवस्था पनि गरेको छ। "परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट" गर्ने अधिकारलाई पनि संरक्षण गरिएको छ। महिलाका लागि अलग प्रत्याभूतिस्वरुप संविधानको धारा ३८ (२) ले प्रत्येक "सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको अधिकार"को व्यवस्था गरेको छ। धारा ३९ अन्तर्गतको बाल अधिकारसम्बन्धी प्रावधानले असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा रहेका र खासगरी मानवअधिकार उल्लङ्घनबाट पीडित भएका बालबालिकालाई "राज्यबाट विशेष संरक्षण र सुविधा"[25] पाउने हकलाई प्रत्याभूत गरेको छ। धारा ४१ अन्तर्गत ज्येष्ठ नागरिकहरूका लागि विशेष संरक्षण र सामाजिक सुरक्षाको व्यवस्था गरिएको छ।

राज्यको निर्देशक सिद्धान्त तथा नीति (धारा ५० र ५१) अन्तर्गत पनि उल्लेख्य प्रतिबद्धताहरू जनाइएका छन्। तीमध्ये धेरैले खाद्य अधिकार र खाद्य सम्प्रभुतासँग प्रत्येक्ष सम्बन्ध राख्दछ।[26]

25 धारा ३९ (९), नेपालको संविधान २०७२

26 उपलब्धीहरूको समतामूलक वितरणका माध्यमबाट आर्थिक असमानता उन्मुलन गरी शोषणमुक्त समाज निर्माण गर्ने; सर्वाङ्गीण मानवीय सुरक्षा प्रणालीको प्रत्याभूति गर्ने; किसानको स्वार्थलाई ध्यानमा राख्दै वैज्ञानिक भूमि सुधार व्यवस्था गर्ने; किसानको हक, हितको संरक्षण र संवर्धन गर्दै कृषिजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने; किसानलाई कृषि सामग्री र कृषि उपजमा उचित मूल्य र बजारमा पहुँच प्रदान गर्न; भरपर्दो र दीर्घकालीन सिँचाइ व्यवस्थाको विकास गर्ने; मातृ मृत्यु दर र शिशु मृत्यु दर न्यूनिकरण गरेर औसत आयु वृद्धि गर्ने; कृषिमा लगानी गर्ने क्रममा जलवायु तथा माटोअनुरुप हुनेगरी तथा खाद्य सम्प्रभुताको अवधारणअनुरुप हुनेगरी खाद्यान्नको दीर्घकालीन उत्पादन वितरण, भण्डारण, सुरक्षा र सहज तथा प्रभावकारी वितरण व्यवस्था गर्ने; आधारभूत वस्तु र सेवामा सबै नागरिकको समान पहुँचलाई सुनिश्चित गर्न दुर्गम र पिछडिएका क्षेत्रहरूलाई विशेष प्राथमिकता प्रदान गर्दै योजनाबद्ध आपूर्ति व्यवस्था सुनिश्चित गर्ने।

# ४. ऐनमाथिको टिप्पणी

खाद्य अधिकार तथा खाद्य सम्प्रभूताको विषयमा नेपालको खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन (यसपछि "ऐन") एउटा विस्तृत कानुनी दस्तावेज हो । पर्याप्त खाद्यअधिकार प्राप्तिका लागि समुचित वातावरण निर्माण गर्नका लागि यो ऐनमा थुप्रै सकारात्मक व्यवस्थाहरू रहेका छन् । यसरी यो ऐनले नेपालद्वारा प्रतिबद्धता जनाइएको दिगो विकास लक्षहरू (उदाहरणको लागि लक्ष्य नं. २ : भोकको अन्त्य गर्ने, खाद्य सुरक्षा र उचित पोषण प्राप्त गर्ने र दिर्घकालीन कृषिलाई प्रवर्धन गर्ने) प्राप्त गर्नमा पनि मद्दत पुऱ्याउँदछ ।

नेपालका नागरिक समाज समूहहरूले समेत पहिचान गरेका ऐनका केही सकारात्मक पक्षहरूमा मुख्यतया खाद्य असुरक्षामा रहेको घरपरिवारहरूको पहिचान (दफा ५ र ६); प्राथमिकतामा रहेको घरपरिवारका लागि खाद्य वितरण (दफा ७); किसानको अधिकारको संरक्षण (दफा १२ देखि १९); खाद्य सुरक्षाको व्यवस्था गर्नुपर्ने प्रावधान (दफा २०); सार्वजनिक खाद्य आपुर्ति तथा वितरण प्रणालीको निर्माण (दफा २५ देखि ३०); न्यूनतम अत्यावश्यक खाद्यान्नको पहुँचमा अवरोध पार्ने कार्यलाई अपराधीकरण गर्ने (दफा ३९) आदि रहेका छन् ।

एम्नेस्टी इन्टरनेसनल यस ऐनका प्रावधानहरूको प्रभावकारी कार्यान्वयनको लागि बाटो तय गर्न नेपाल सरकारलाई यस ऐनका व्यवस्थाका बारेमा जनचेतना अभिवृद्धि गर्ने लगायतका विभिन्न उपायहरू अवलम्वन गर्न तथा सरोकारवालाहरू (जस्तै खाद्य अधिकार उल्लङ्घनको जोखिममा रहेका समुदायहरू, खाद्य अधिकार उल्लङ्घनको जोखिममा रहेका समुहलाई प्रतिनिधि गर्ने नागरिक समाज सङ्गठनहरू, राष्ट्रिय मानवअधिकार संस्थाहरू र स्थानीय र प्रदेश सरकारका सम्बन्धित निकायहरू)सँगको परामर्शमा आवश्यक नियम तथा नियमावलीहरू शीघ्र तर्जुमा गर्नका लागि प्रोत्साहन गर्दछ ।

त्यसैगरी एम्नेस्टी इन्टरनेसनल यस ऐनका केही पक्षका सवालमा नागरिक समाज सङ्गठनहरूले देखाएका चासोहरूलाई प्रतिध्वनित गर्दछ जसलाई संशोधन वा न्यायिक व्याख्यामार्फत थप सुदृढ र स्पष्ट पारिनुपर्दछ । उल्लिखित संवैधानिक प्रतिज्ञा र अन्तर्राष्ट्रिय कानुनी दायित्वका आधारमा यस ऐनका सवालमा एम्नेस्टी इन्टरनेसनल निम्न लिखित मूख्य टिप्पणी तथा सुझावहरू प्रस्तुत गर्दछ ।

## ४.१. कानुनी संरक्षणको दायरा

यस ऐनको प्रस्तावना र दफा ३ ले कानुनी संरक्षणको दायरा नागरिकहरूमा सीमित गरेको देख्न सकिन्छ । खाद्य अधिकारको सन्दर्भमा अन्तर्राष्ट्रिय कानुनअनुसार नागरिक र गैर नागरिकका बीचमा विभेद हुनेगरी अलिकति पनि सोच्न मिल्दैन ।[27] *सिइएससिआर*ले स्पष्ट पारेअनुसार भोकबाट मुक्ति न्यूनतम कुरा भएको कारणले यसलाई राष्ट्रियता वा कानुनी हैसियतका आधारमा बन्देज लगाउन नमिल्ने भएकोले आफ्नो क्षेत्राधिकारभित्रका सबै व्यक्तिहरूले खाद्य अधिकारको न्यूनतम विषयवस्तुहरूमा पहुँच प्राप्त गरेको सुनिश्चित गर्न नेपाल सरकारलाई यो ऐनको कानुनी संरक्षणको दायरालाई फराकिलो बनाउने गरी संशोधन गर्न आह्वान गर्दछ ।

*सिफारिस*

- *पर्याप्त खाद्यअधिकारको न्यूनतम तत्वहरूलाई समावेश गरेको सुनिश्चित गर्ने सन्दर्भमा गैर नागरिकहरूलाई पनि यस ऐनको कानुनी संरक्षणको दायरामा पार्ने गरी ऐनलाई संशोधन गर्ने ।*

## ४.२. शब्दावलीहरूको परिभाषा

यो ऐनको समान प्रयोग तथा प्रभावकारी कार्यान्वयनका लागि यसमा प्रयोग गरिएका शब्दावलीहरूको स्पष्ट र उचित परिभाषा गरिनु महत्त्वपूर्ण हुन्छ । यस ऐनका केही परिभाषाहरू अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका परिभाषाअनुरुप नभएको तथा यस ऐनमा प्रयोग भएका केही शब्दावलीहरूलाई परिभाषित नगरिएको एम्नेस्टी इन्टरनेसनलले पाएको छ ।

दफा २ (ख) ले "किसान" भन्नाले "कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य समेत" पर्दछन् भनी परिभाषित गरेको छ । खेतीका लागि आवश्यक पर्ने भूमिमा पहुँच नभएकाहरूका लागि कृषि पेशामा ६ महिना समय बिताएको हुनुपर्ने प्रावधान समस्याग्रस्त छ । उदाहरणका लागि भूमिमा पहुँच नहुने किसानहरू बाली लगाउने र फसल भर्ने बेलामा कृषि मजदुरका रूपमा काम गर्दछन् भने अन्य बेलामा निर्माण कार्यमा संलग्न भएका हुन्छन् । मौजुदा परिभाषाअनुसार यस ऐनबमोजिम किसानका लागि उलब्ध संरक्षणबाट यस्ता मजदुरहरू वञ्चित हुने खतरामा पर्दछन् ।

यसकारण एम्नेस्टी इन्टरनेसनल "किसान"को परिभाषालाई अन्र्ताष्ट्रिय मापदण्डअनुसार हुनेगरी परिमार्जन गर्न आह्वान गर्दछ । "किसान"को परिभाषलाई निम्न कुरा समावेश गरी सुदृढ बनाउन सकिन्छ : "एक्लै वा समुदायका अरु व्यक्तिहरूसँग मिलेर जीविकोपार्जन वा/र

[27] सिइएससिआरको वक्तव्य, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत आप्रवासी र शरणार्थीहरूको सवालमा राज्यहरूको दायित्व, युएन दस्तावेज E/C.12/2017/1, अनुच्छेद ८ र ९

बजारको लागि स-सानो कृषि उत्पादन कार्यमा संलग्न व्यक्ति" र अन्तर्राष्ट्रिय मान्यताप्राप्त हिसाबमा "भूमिमाथि विशेष निर्भरता र सम्बन्ध भएको" व्यक्ति ।[28]

खाद्य सम्प्रभूता र खाद्य सुरक्षाको अलग अलग परिभाषा ऐनमा समावेश गरिएको भएपनि यस ऐनमा खाद्य अधिकारसम्बन्धी कुनै अलग्गै परिभाषा समावेश गरिएको छैन ।[29] यो ऐनमा अन्य महत्त्वपूर्ण शब्दावलीहरू जस्तै "भोक"[30], "भोकमरी"[31], "कुपोषण"[32] र "जोखिमता"[33] जस्ता यस ऐनमा प्रयोग भएका शब्दावलीहरूको परिभाषा गरेको छैन । माथि उल्लेख गरिएअनुसार "भोक" र "जोखिमता" शब्दावलीलाई ऐनमा परिभाषित नगर्नाले भोकमुक्त रहनु भन्नाले के बुझिन्छ भन्ने कुरा र दफा ३ अन्तर्गतको जोखिममा रहेका परिवार पहिचान गर्ने कुराको निर्धारण गर्ने प्रकृया थप गम्भीर बन्दछ ।

*सिफारिस :*

- *खाद्य अधिकारका साथै अन्य मुख्य शब्दावलीहरू जस्तै किसान, भोक, भोकमरी, कुपोषण र जोखिमता जस्ता शब्दावलीहरूलाई अन्तर्राष्ट्रिय मान्यताप्राप्त परिभाषाअनुरुप हुनेगरी परिभाषित गर्ने ।*

# ४.३. कानुनी प्रत्याभूति

[28] २०७५ पौष ३ मा संयुक्त राष्ट्रसङ्घको महासभाले अनुमोदन गरेको *कृषक तथा ग्रामीण भेगमा काम गर्ने अन्य व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र*को धारा १ मा परिभाषा गरिएअनुसार "एक्लै वा अरुसँग मिलेर वा सामुदायिक हिसाबमा जीविकोपार्जन वा/र बजारको लागि सानो स्तरको कृषि उत्पादन कार्यमा संलग्न हुने वा संलग्न हुन खोज्ने, पुरै रूपमा नभएपनि विशेषगरी घरपरिवारकै श्रम तथा श्रम व्यवस्थापन गर्ने अन्य गैर-मौद्रिक तरिकामा भर पर्ने तथा भूमिमा विशेष निर्भरता वा लगाव राख्ने व्यक्ति नै "किसान" हो । हेर्नुहोस्, http://undocs.org/en/A/C.3/73/L.30

[29] सिइएससिआरले परिभाषा गरेअनुसार, "प्रत्येक महिला, पुरुष र बालकले एक्लै वा समुदायका अरुसँगै पर्याप्त खाद्यान्न र सो प्राप्त गर्ने माध्यममा भौतिक र आर्थिक पहुँच राखेको अवस्थामा मात्र पर्याप्त खाद्य अधिकार प्राप्ति हुन्छ ।" (सामान्य टिप्पणी १२, अनुच्छेद ६) विशेष प्रतिवेदकले परिभाषा गर्नुभएअनुसार, खाद्य अधिकार भन्नाले "प्रत्यक्ष रूपमा वा आर्थिक रूपमा खरिदका आधारमा गुणात्मक र मात्रात्मक दुवै हिसाबले उपभोक्ताले आफ्नो संस्कृतिअनुसारको र भयमुक्त भौतिक र मानसिक, निजी र सामूहिक, अर्थपूर्ण र मर्यादित जीवन जिउनका लागि उचित र पर्याप्त खाद्यान्नमा नियमित, स्थायी र निर्वाध पहुँच प्राप्त गर्ने अधिकार" भन्ने बुझ्नुपर्दछ । हेर्नुहोस्, खाद्यअधिकारसम्बन्धी विशेष प्रतिवेदक जीन जिग्लेरको प्रतिवेदन, UN Doc. A/HRC/7/5, अनुच्छेद १७ ।

[30] अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त भोकसम्बन्धी कुनै पनि कानुनी परिभाषा छैन । यद्यपि, भोकमरीबाट हुने मृत्यु रोकथाम गर्न आवश्यक न्यूनतम क्यालोरीको प्याकेजभन्दा यसको दायरा अलि परसम्म रहेको छ । गम्भीर खाद्य वञ्चितिकरणको अवस्था लगायत पर्याप्त खाद्य वा पोषणयुक्त अवयवहरू भएको खाद्य पदार्थको पहुँचमा कमी कुनै एक व्यक्ति वा व्यक्तिहरूको समूहको शारीरिक तथा मानसिक क्षमता विकासमा नै प्रभाव पार्ने खालका अल्पपोषणका विविध स्वरुपहरू आदिलाई भोकका रूपमा सामान्यतया बुझ्ने गरिन्छ । हेर्नुहोस्, एफएओ, *ग्लोसरी अन राइट टु फुड,* www.fao.org/right-to-food/resources/glossary/en/

[31] "भोकमरी" शब्दले भोकको चरम अवस्थालाई जनाउँदछ; भोकमरीका कारण हुने मृत्यु भनेको लामो अवधिसम्म चलेको भोकको चरम अवस्थाको उपज हो; र यसलाई दीर्घकालीन खाद्य अधिकार उल्लङ्घनको अन्तिम प्रमाणको रूपमा बुझ्नुपर्दछ । हेर्नुहोस्, एफएओ, *ग्लोसरी अन राइट टु फुड,* www.fao.org/right-to-food/resources/glossary/en/

[32] परिभाषा : कुपोषण भन्नाले खासमा "खराब पोषण" भन्ने बुझिन्छ । यसमा आवश्यकताभन्दा बढी पोषण र आवश्यकता भन्दा कम पोषण दुवै अवस्था समावेश हुन्छ । यसमा खाद्यान्नको परिमाण र गुणस्तर (पर्याप्त खाना प्राप्त नगर्नु तथा चाहिने भन्दा बढी पोषण वा गलत प्रकारको खाना) मात्र पर्दैन । बरु यसमा विविध प्रकारका सङ्क्रमण सामना गर्ने क्रममा शरीरले पोषण तत्त्वलाई गलत तरिकाले ग्रहण गर्ने वा स्वास्थ्य कायम गर्न पौष्टिक तत्त्वहरूलाई सही तरिकाले प्रयोग गर्न नसक्ने कुरा पनि पर्दछ । यदी झाडा पखाला वा अन्य बिमारीका कारण मानिसले खाएको खानाबाट प्राप्त पोषण तत्त्वलाई पूर्ण रूपमा प्रयोग गर्न नमिल्ने भएमा वा यदी उनीहरूले अत्यधिक धेरै क्यालोरी ग्रहण गरेमा वा शरीरको वृद्धि र संभार (पौष्टिक आहारमा कमी वा प्रोटिनजन्य कुपोषण) का लागि उनीहरूले खाएको खानाले पर्याप्त क्यालोरी र प्रोटिनजन्य तत्त्व प्रदान गर्दैन भने त्यस्तो अवस्थालाई पनि कुपोषण भन्ने बुझिन्छ । हेर्नुहोस्। एफएओ, *ग्लोसरी अन राइट टु फुड,* www.fao.org/right-to-food/resources/glossary/en/

[33] जोखिमता भन्नाले वातावरणीय, आर्थिक वा सामाजिक चुनौतीका कारण न्यूनतम खाद्य आवश्यकतामा बिल्कुल पहुँच नभएको वा घट्दो पहुँचको सम्भावना भन्ने बुझिन्छ ।

संविधानको धारा ३६ लाई विस्तृत पार्दै ऐनको दफा ३ ले थुप्रै प्रत्याभूतिहरूलाई लिपिबद्ध गरेको छ । यी प्रत्याभूतिहरूलाई सरकारका तीनै तहले सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने जिम्मेवारी घोषणा गरेको छ । यस धाराअन्तर्गत प्रत्याभूत गरिएका अधिकारहरूमा निम्न कुराहरू पर्दछन् : पर्याप्त, पोषणयुक्त र गुणस्तरीय खाद्यमा बिना भेदभाव पहुँच; भोकबाट मुक्त हुने तथा खाद्य अभावका कारण जीवन जोखिममा हुने अवस्थाबाट सुरक्षित रहने अधिकार; र भोक तथा खाद्य असुरक्षाको जोखिमतामा रहेका व्यक्ति तथा परिवारलाई खाद्यान्न तथा पोषण सहायतामा दीर्घकालीन पहुँच प्राप्त गर्ने, किसानहरूले खेतियोग्य जमिनमा पहुँच प्राप्त गर्ने, र खेती गरिरहेको भूमिबाट किसानलाई जबर्जस्ती निष्कासन गर्नबाट संरक्षण प्राप्त गर्ने अधिकार ।

सकारात्मक पक्षका रूपमा यस ऐनले महिला किसान र भूमिहीन घरपरिवार[34]लाई खेतियोग्य जमिनमा पहुँच प्रदान गर्ने र कृषि भूमिबाट जबर्जस्ती निष्कासनविरुद्ध संरक्षणको[35] प्रावधान राखेको छ ।

तथापि ऐनमा राज्यले खेतियोग्य जमिनमा कस्तो खाले पहुँच (उदाहरणका लागि प्रयोगको अधिकार, नियन्त्रणको अधिकार तथा हस्तान्तरण गर्न पाउने अधिकार)[36] प्रदान गर्ने हो र किसान तथा भूमिहीन कृषि श्रमिकहरूले यस्तो पहुँच कसरी व्यवहारमा पाउँदछन् भन्ने कुरालाई स्पष्ट रूपमा व्याख्या गरिएको छैन । दलित वा अन्य सीमान्तकृत समूहहरू तथा थारू लगात भूमिमा आश्रित आदिवासी जनजातिहरूलाई खेतियोग्य जमिनमा पहुँच प्रदान गर्ने क्रममा कसरी प्राथमिकीकरण गर्ने भन्ने सवालमा पनि ऐनले कुनै कानुनी निर्देश गरेको छैन ।

दफा ३ मा राज्यको “सम्मान” र “संरक्षण”को दायित्वलाई पर्याप्त स्पष्ट पारिएको छैन । सार्वजनिक अधिकारीहरूलाई जनताले आफ्ना लागि आफैं खाना जोहो गर्ने प्रयासहरू (जस्तै, खाद्यान्न र औषधि सङ्कलनमा स्वेच्छाचारी बन्देज लगाउने, खेतीका लागि उपयुक्त प्रयोगमा नआएको सार्वजनिक जमिनमा खेती गर्न बन्देज लगाउने) मा हस्तक्षेप गर्न निषेध गरेर तथा व्यक्ति तथा समूहको खाद्यान्नमाथिको पहुँच, उनीहरूको खाद्य सुरक्षामा सङ्घ, सङ्गठन वा संस्थान जस्ता तेश्रो पक्षबाट हुने खतराबाट संरक्षण गर्न आवश्यक उपायहरू अवलम्बन गर्न अधिकारीहरूलाई बाध्यकारी बनाएर राज्यको “सम्मान” र “संरक्षण”को दायित्व थप बलियो पार्न सकिन्थ्यो ।

*सिफारिस :*

- *खेतीयोग्य जमिनको पहुँचको स्वरुप र प्रकृति (प्रयोग अधिकार, नियन्त्रण अधिकार, हस्तान्तरण अधिकार, भूसम्बन्ध वा सामूदायिक स्वामित्व) लाई स्पष्ट पार्ने व्यवस्था ऐनमा राख्ने ।*
- *किसान र दलित समुदायका महिला किसान तथा थारू जस्ता भूमिमा आश्रित आदिवासी जनजातिहरूलाई खेतीयोग्य जमिनमा पहुँच प्रदान गर्ने क्रममा प्राथमिकतामा राख्ने ।*

---

34 दफा १३ (ठ) ।

35 दफा १२ (२) (च) ।

36 एफएओले स्पष्ट पारेअनुसार भूमिमा पहुँच भन्नाले साधारणतया प्रयोग अधिकार (चरण, जीवनयापनका लागि अन्न बाली उत्पादनका लागि गरिने खेती, वन जङ्गलका उपभोग्य वस्तुहरू प्राप्त गर्ने); नियन्त्रण अधिकार (जमिनलाई कसरी प्रयोग गर्ने तथा उत्पादित अन्न बालीको बिक्री वितरणबाट कसरी फाइदा लिने भन्ने बारेमा निर्णय गर्ने अधिकार आदि); हस्तान्तरण अधिकार (भूमिको बिक्री वा धितो राख्ने, अन्तर्सामुदायिक वा अन्तर्पुस्तागत पुनर्बाँडफाँडका आधारमा जग्गा हस्तान्तरण गर्ने र प्रयोग र नियन्त्रण अधिकारलाई पुनर्बाँडफाँड गर्ने । ) हेर्नुहोस्, एफएओ, “ह्वाट् इज याक्सेस टु ल्याण्ड?, www.fao.org/docrep/005/Y4308E/y4308e04.htm

- *आफ्नो परिवार र आफ्नो लागि खाद्यान्न आफैं जोहो गर्ने मानिसका प्रयासहरू (जस्तै जङ्गलबाट खाद्यवस्तु र औषधि सङ्कलन गर्ने, खेतीका लागि उपयुक्त तर प्रयोगमा नआएको जमिनमा खेती गर्ने, परम्परागत माछा मार्ने वा मह सङ्कलन गर्ने आदि) मा सार्वजनिक अधिकारीहरूद्वारा हुने हस्तक्षेपलाई निषेध गर्ने तथा अधिकारीहरूलाई तेश्रो पक्षबाट हुन सक्ने खाद्य अधिकारसम्बन्धी दुर्व्यवहारबाट मानिसलाई संरक्षण प्रदान गर्न अधिकारीहरूलाई बाध्य पार्ने व्यवस्थासहित ऐन संशोधन गर्ने ।*

# ४.४. भोकमरीको रोकथाम

ऐनको दफा ४ मा भोकमरी नियन्त्रण र रोकथामसम्ब्बन्धी व्यवस्था रहेको छ । ऐनले भोकमरीको जोखिममा रहेकाहरूको पहिचान गरी सोसम्बन्धी अभिलेख तयार गर्न अधिकारीहरूलाई जिम्मेवार बनाएको छ । भोकमरीको अवस्था सामना गर्नका लागि मौजुदा खाद्यान्नको अवस्थाको लेखाजोखा गरी खाद्य वितरण प्रणाली स्थापना गर्नका लागि ऐनले अधिकारीहरूलाई बाध्यकारी बनाएको छ । तथापि, भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, घरपरिवार, समूह, समुदायलाई संरक्षण गर्नका लागि सरकारले गर्नुपर्ने कार्यहरूका बारेमा ऐनले कुनै निर्दिष्ट व्यवस्था गरेको छैन । खाद्य भण्डारण र खाद्य वितरण प्रणाली स्थापनाका अलावा ऐनले यस्ता व्यक्तिहरूलाई भोकमरीबाट तत्काल संरक्षण प्रदान गर्नका लागि आवश्यक ठोस उपायहरू (जस्तै दुई दिनको निशुल्क खाना) का बारेमा पनि व्यवस्था गरेको हुनुपर्दथ्यो ।

ऐनमा राखिएको "भोकमरीको नियन्त्रण"को अवधारणा नै त्रुटिपूर्ण रहेको कुरालाई एम्नेस्टी इन्टरनेसनल प्रकाश पार्दछ । किनभने भोकमरीलाई रोकथाम गरी भोकमुक्त अवस्था प्रत्याभूत गर्ने राज्यको निरपेक्ष दायित्व हो ।[37]

ऐनले भोकमरीका कारण हुने मृत्युका बारेमा अनुसन्धान गरी भोकमरी रोकथाम गर्न जिम्मेवार अधिकारीहरूलाई जवाफदेही बनाउने व्यवस्था पनि राख्न सकेको छैन । नेपालको सर्वोच्च अदालतले स्थापित गरेको न्यायिक सिद्धान्त[38] अनुसार, राज्यले भोकमरीबाट हुने प्रत्येक मृत्युको जिम्मेवारी लिनुपर्दछ । त्यसकारण ऐनमा जवादेहीतासम्बन्धी स्पष्ट व्यवस्था राखिएको हुनुपर्दथ्यो ।

*सिफारिस :*

- भोकमरीमा रहेका वा भोकमरीको जोखिममा रहेकाहरूका लागि तत्काल खाद्यान्न र पौष्टिक सहयोग (उदाहरणका लागि कम्तिमा निःशुल्क दुई छाक खाना) प्रदान गर्ने व्यवस्था राख्ने ।
- भोकमरीबाट भएको कुनै पनि मृत्युको अनुसन्धान गर्ने तथा भोकमरी रोकथाम गर्ने दायित्वको उल्लङ्घनका विरुद्ध जवाफदेहीता (फौजदारी तथा देवानी) प्रत्याभूत गर्नेगरी ऐनको दफा ४ संशोधन गर्ने ।

# ४.५. प्राथमिकता प्राप्त घरपरिवारहरूलाई खाद्यान्न सहयोग

ऐनको दफा ५ ले "ग्रामीण वा शहरी गरिबी, भौगोलिक विकटता, विपद् वा त्यस्तै अन्य कारणले" खाद्य असुरक्षाको जोखिममा रहेका घरपरिवारको पहिचान गर्ने जिम्मेवारी नेपाल सरकारलाई

37 आइसिइएससिआर, धारा ११  सिइएससिआर सामान्य टिप्पणी नं. १२

38 प्रो पब्लिकका लागि प्रकाश मणि शर्मा वि. नेपाल सरकार, रिट नं.२०६५-w0-१४९)

प्रदान गरेको छ । दफा ७ मा व्यवस्था गरिएअनुसार प्राथमिकतामा रहेको घरपरिवारलाई सहुलियत दरमा र विशेष श्रेणी वा अवस्थामा रहेका घरपरिवाहरूलाई “निःशुल्क खाद्य सहायता” प्रदान गर्नु पर्ने प्रावधान रहेको छ ।

तथापि, ऐनले “निःशुल्क खाद्य सहायता” प्राप्त गर्नका लागि योग्य हुने घरपरिवार पहिचानको स्पष्ट मापदण्ड प्रदान गर्न सकेको छैन । सहायता स्वरुप कस्तो खाले र कति मात्राको खाद्यान्न उपलब्ध गराउने भन्ने पनि यसले स्पष्ट पारेको छैन । ऐनले खाद्य वितरणमा स्थानीय सरकार जिम्मेवार रहने भनेको छ । तर यस्तो सहायता प्रदान गर्ने कार्यमा प्रत्येक तहको सरकारको जिम्मेवारी के रहने भन्ने कुरा ऐनमा व्यवस्था गरिएको छैन ।

दफा ७ (२) ले आपतकालीन अवस्थामा मात्रै यस्तो खाद्य सहायता प्रदान गर्ने प्रावधान राखेर अस्पष्टता सिर्जना गरेको छ । कुनै प्राकृति विपदका कारण खाद्य सङ्कटको अवस्था घोषणा नगरेको अवस्था भएपनि खाद्य असुरक्षाका अवस्थाहरू रहेका हुन सक्छन् जहाँ व्यक्ति, घरपरिवार व समुदायलाई खाद्य र पोषण सहायताको जरुरत पर्न सक्दछ । निसहाय अवस्थामा रहेका व्यक्तिहरूलाई गाँस र बासको व्यवस्था गर्ने दायित्व सरकारमा रहेको कुरा नेपालको सर्वोच्च अदालतले यस अघि नै स्थापित गरिसकेको छ ।[39]

दफा ९(१) र १० (१) अन्तर्गतको आपतकालको परिभाषा पनि समस्याग्रस्त छ किनभने खाद्य सङ्कटलाई भूकम्प, बाढी, पहिरो, हिमपात, शीतलहर, आगलागी जस्ता प्राकृतिक विपतमा मात्र सीमित गरेको छ । जबर्जस्ती निष्कासन, अचाक्ली र अकस्मात हुने मूल्य वृद्धि, खाद्य वितरण प्रणालीमा हुने भ्रष्टाचार आदि मानवनिर्मित सङ्कटका बारेमा ऐन मौन छ ।

खाद्य र पोषण सहायताका सन्दर्भमा थुप्रै पूव अभ्यासहरूलाई मुलप्रवाहीकरण गर्ने ऐन विफल भएको छ । यस्ता अभ्यासहरूमा दिवा खाजा[40], सहुलियत दरमा खाद्य आपूर्ति[41], सुनौला हजार दिने पोषण कार्यक्रम[42] आदि पर्दछन् ।

*सिफासिरहरू*

- *“निशुल्क खाद्य सहायता”का लागि योग्य घरपरिवार पहिचानसम्बन्धी स्पष्ट मापदण्ड ऐनमा राख्ने ।*
- *प्राथमिकतामा रहेका घरपरिवारलाई उपलब्ध गराउने खाद्य सहायताको स्वरुप र परिणामसम्बन्धी स्पष्ट कानुनी मार्गदर्शन उपलब्ध गराउने ।*
- *भोक र भोकमरीको अवस्था सिर्जना गर्ने खाद्य असुरक्षाको अवस्थामा रहेकाहरूलाई खाद्य सहायता उपलब्ध गराउन अधिकारीहरूका लागि बाध्यकारी व्यवस्था राख्ने ।*
- *मानव सिर्जित अवस्थाहरूलाई समेत समावेश गर्ने गरी खाद्य सङ्कटलाई पुनर्परिभाषित गर्ने ।*
- *पहिल्यैदेखि अभ्यासमा रहेको खाद्य सहायताका कार्यक्रमहरूलाई ऐनको छाताभित्र समावेश गरी ऐनका अन्य प्रावधानहरूसँग एकरूपता दिई मिलाउने ।*

39 जुरी-नेपालका लागि राजु प्रसाद चापागाईं वि. नेपाल सरकार, रिट निवेदन नं. 071-wo-0257, निर्णय : २०७३ जेठ २६, ।
40 यसले बालबालिकाहरूलाई स्कूल जान प्रेरित गर्न र बीचैमा स्कूल छाड्न निरुत्साहित गर्ने लक्ष्य राखेको छ ।
41 यसमा खाद्य असुरक्षित जिल्लाहरूमा खाद्यान्नको आपूर्ति गर्ने लक्ष्य राखिएको छ ।
42 यसले गर्भवती र स्तनपान गराइरहेका महिला तथा बालबालिकाहरूलाई सुधारिएको स्वास्थ्य र पोषणका माध्यमबाट मातृ र शिशु मृत्यु दर घटाउने लक्ष्य राखेको छ ।

# ४.६. महिला सशक्तिकरण

खाद्यमा पहुँचका सन्दर्भमा यस ऐनका केही प्रावधानहरू महिला सशक्तिकरणका लागि लक्षित छन् जुन स्वागतयोग्य कदम हो । उदाहरणका लागि “लक्षित घर परिवारका लागि खाद्य सहायता परिचय पत्र” उक्त घरपरिवारमा महिला सदस्यलाई प्रदान गर्ने व्यवस्था रहेको छ । तथापि, यस ऐनमा गर्भवती र स्तनपान गराइरहेका महिलाहरूलाई प्रत्येक्ष पोषणयुक्त लगायतका अन्य सहायतासम्बन्धी उपायहरू व्यवस्था गरिएको छैन । खाद्य वितरण प्रणालीको सञ्चालनमा महिलाहरूको समूह वा कृषि सहकारीहरूलाई सुपथ मूल्य पसल वा सार्वजनिक खाद्य वितरण केन्द्र सञ्चालन गर्न प्राथमिकता दिनुपर्दछ । तर, यस ऐनले कुनै खाद्य कार्यक्रम वा रणनीति तयार वा कार्यान्वयन गर्ने सन्दर्भमा लैङ्गिक मुलप्रवाहीकरणसम्बन्धी कुनै पनि विधायिकी मार्गदर्शन प्रदान गर्दैन ।

*सिफारिस :*

- *गर्भवती वा स्तनपान गराइरहेका महिलाहरूका लागि प्रत्यक्ष पोषण सहायता उपलबध गराउनेसम्बन्धी प्रावधान ऐनमा राख्ने ।*
- *कुनै निर्णय लिँदा, कार्यक्रम तर्जुमा र कार्यन्वयन गर्दा वा यस ऐनअन्तर्गत कुनै संयन्त्र निर्माण गर्दा लैङ्गिक र सामाजिक समावेशीतालाई अत्यन्तै महत्त्वपूर्ण सिद्धान्तको रूपमा प्राथमिकीकरण गर्नुपर्ने प्रावधान ऐनमा राख्ने ।*

# ४.७. किसानको अधिकार

यो ऐनको दफा १२ र १३ मा कृषि पेशा र किसानहरूको जीविका प्रवर्धनसम्बन्धी व्यवस्थाहरू राखिएका छन् । किसानको सम्मान र जीवनस्तर वृद्धि गर्ने सवालमा यो ऐनले थुप्रै उपायहरूको व्यवस्था गरेको छ । यस्ता उपायहरूमा कृषि बजारमा पहुँच प्रदान गर्ने; जैविक कृषिका लागि आवश्यक उपायमा पहुँच प्रदान गर्ने; *जिनेटिकल्ली मोडिफाइड अर्ग्यानिजम* (GMO) बाट हुने प्रतिकूल असरबाट संरक्षण प्रदान गर्ने; खडेरीको बारेमा पूर्व सजगता प्रणालीको विकास गर्ने; दिगो कृषि प्रणालीको विकास गर्ने; महिला कृषक र कृषिमा आश्रित भूमिहीन घरपरिवारका लागि खेतीयोग्य जमिन र कृषि सामग्रीमा पहुँच वृद्धि गर्ने र नियमावलीमा व्यवस्था गरिएबमोजिम कृषि उत्पादनमा भएको क्षतिविरुद्ध क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था मिलाउने आदि पर्दछन् ।

यो ऐनले किसानको पहिचान र वर्गिकरणको व्यवस्था पनि गरेको छ । स्थानीय सरकारलाई परिचय पत्र दिने कार्यादेश दिइएको छ । ऐन आफैले किसानहरूको वर्गिकरण नगरेपनि ऐनले किसानका लागि सहुलियत, छुट र सहायता प्रदान गर्ने उद्देश्यका लागि वर्गिकरण गर्ने अधिकार नेपाल सरकारलाई प्रदान गरेको छ । तथापि, ऐनले यस्तो सहायता, सहुलियत र छुट साना किसान, महिला किसान, मुक्त बँदुवा मजदुरहरूलाई प्रदान गर्ने सवालमा कुनै मार्गदर्शन दिएको छैन । कतिपय अवस्थामा यस्तो समूहहरूका लागि सहयोगको अभावले पूर्व कमैया र कमलरीहरूलाई पुनः बँदुवा मजदुरी जस्तै अवस्थामा धकेलेको छ ।

ऐनले दलित र “लोपोन्मुख” आदिवासी समुदायको भलाइ र संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्न केन्द्र, प्रान्त र स्थानीय सरकारलाई बाध्यकारी बनाएको

छ । तथापि, यस्तो कार्यक्रमहरूको विकास र कार्यान्वयन गर्ने क्रममा उनीहरूको सुसुचित सहभागितालाई सुनिश्चित गरिएको छैन । यसको अतिरिक्त यस्तो लक्षित कार्यक्रमको लागि योग्य बन्नका लागि “लोपोन्मुख” समुदाय हुनुपर्ने मापदण्डले यस्तो सुविधा प्राप्त गर्ने सन्दर्भमा अति उच्च बार सृजना गरेको छ । यस्तो सहभागिता यस ऐनले पहिचान गरेको खाद्य सम्प्रभुताको एउटा अभिन्न अङ्ग हुने कुरा ख्याल गर्न योग्य छ ।

यसको अतिरिक्त, यो ऐनमा शिकारी, वन तथा जलश्रोतबाट खाद्यपदार्थ जोहो गर्ने र सङ्कलन गर्ने व्यक्ति तथा समूहहरूको समस्या (उदाहरणका लागि वन, राष्ट्रिय निकुञ्ज, वन आरक्षहरू र जलश्रोतसँग सम्बन्धित कानुन र नियमावलीहरूमा भएका प्रतिबन्धात्मक प्रावधानहरू) संबोधन गर्ने विशेष प्रावधानहरू समावेश गरिएको छैन । आदिवासी जनजातिहरूलाई उनीहरूको भूमिमा स्थापना परिएको राष्ट्रिय निकुञ्ज वा अन्य संरक्षित क्षेत्रबाट उनीहरूको स्वतन्त्र, अग्रिम र सुसुचित सहमतिबिना विस्थापन गर्ने वा बहिष्करण गर्ने जस्ता उनीहरूको जीवनयापनमा क्षति पुर्याउनुका साथै खाद्य असुरक्षा उत्पन्न हुन सक्ने कार्य गर्न नहुने कुरालाई ख्याल गर्नुपर्दछ ।[43]

*सिफारिस :*

- *सहुलियत, छुट, सिँचाइका लागि पानी, मल लगायतका अन्य सहायता आदि श्रोतहरूमा पहुँच प्रदान गर्ने क्रममा किसान, महिला किसान, पूर्व बँदुवा मजदुरहरूलाई प्राथमिकता दिने प्रावधान राख्ने ।*
- *विकास, भलाइ र मर्यादाका सबै तहहरूमा विद्यमान असमानताहरू उन्मूलनका लागि दलित र आदिवासी जनजातिहरूको भलाइ र संरक्षण लक्षित कृषि विकास कार्यक्रमहरूको विकास र कार्यान्वयनका प्रावधानहरू समावेश गर्ने गरी ऐन संशोधन गर्ने ।*
- *किसान लगायत सीमान्तकृत र जोखिममा रहेका समूहहरूलाई प्रभाव पार्ने कार्यक्रमहरूको विकास र कार्यान्वयनमा उनीहरूको सुसुचित सहभागितालाई प्रत्याभूत गर्ने प्रावधान राखी ऐन संशोधन गर्ने ।*
- *शीकारी, वनजङ्गलबाट खाद्य वस्तु सङ्कलन गर्नेहरू लगायत अन्य समूहहरूको अधिकार पहिचान गर्ने तथा उनीहरूको खाद्य अधिकार र खाद्य सुरक्षासम्बन्धी आवश्यकताहरूलाई संबोधन गर्नका लागि विशेष कार्यक्रम तर्जुमा गर्ने प्रावधानसहित ऐन संशोधन गर्ने ।*
- *आदिवासी जनजातिहरूको भूमिमाथि प्रस्तावित राष्ट्रिय निकुञ्ज र अन्य संरक्षण क्षेत्रहरूका सवालमा उनीहरूको स्वतन्त्र, अग्रिम र सूसुचित सहमतिको अधिकार तथा यस्ता पहलहरूबाट उनीहरूको विस्थापन भएको अवस्थामा उनीहरूको प्रतिस्थापन र क्षतिपूर्तिको अधिकारसमेत प्रत्याभूत गर्ने प्रावधान समावेश गरी ऐन संशोधन गर्ने ।*

# ४.८. खेती योग्य भूमिको दिगो उपयोग

दफा १५ ले सरकारका तीनै तहले बाँझो रहेको उत्पादनशील भूमिको अधिकतम उपयोगको लागि सहकारी खेती, कबुलियती खेती, करार खेती वा सामूहिक खेतीलाई प्रवर्धन गरी कृषि योग्य भूमिको दिगो उपयोगलाई प्रवर्धन गर्नुपर्ने प्रावधानको व्यवस्था गरेको छ ।

---

[43] संयुक्त राष्ट्रसङ्घ, मानवअधिकार परिषद्का आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन, संयुक्त राष्ट्रसङ्घ दस्तावेज A/71/229, अनुच्छेद २८, ५१ । चितवतको मध्यवर्ती क्षेत्र (बफर जोन) मा बसोवास गरिरहेका आदिवासी जनजातिहरू कसरी मानवअधिकारबाट वञ्चित भइरहेका छन् भन्नेबारे बजफिड न्युजको प्रतिवेदन पनि हेर्नुहोस्, www.buzzfeednews.com/article/tomwarren/wwf-world-wide-fund-nature-parks-torture-death

तथापि, कबुलियती खेती, सहकारी खेती, करार खेती वा सामूहिक खेतीसम्बन्धी सुविधाहरू प्रदान गर्ने सवालमा ऐनले भूमिहीन, आवासविहीन घरपरिवारहरू, दलित, आदिवासी जनजातिहरू र कृषिमा आश्रित सीमान्तकृत घरपरिवारहरूलाई प्राथमिकीकरण गर्न सकेको छैन ।

सहकारी, सामूहिक वा अन्य स्वरुपको दिगो भूउपयोगलाई प्रवर्धन गर्ने क्रममा जीविकाका लागि कृषिमा आश्रित भूमिहीन, दलित, आदिवासी जनजाति तथा महिला घरमूली भएका परिवारहरूलाई प्राथमिकिकरणको व्यवस्था गर्न एम्नेस्टी इन्टरनेसनल नेपाल सरकारलाई आह्वान गर्दछ ।

*सिफारिस :*

- *दफा १४ मा व्यवस्था गरिएको सुविधाहरू प्रदान गर्ने सन्दर्भमा कृषिमा आश्रित भूमिहीन, दलित, आवासविहीन घरधुरीहरू, आदिवासी जनजाति तथा सीमान्तकृत घरपरिवार लगायत महिला घरमुली भएको परिवारहरूलाई प्राथमिकीकरण गर्ने ।*

# ४.९. राष्ट्रिय खाद्य योजना

खाद्य अधिकार र खाद्य सम्प्रभुताको विषयलाई ऐनमा योजनाबद्ध रूपमा संबोधन गर्ने व्यवस्था गरिएकोलाई एम्नेस्टी इन्टरनेसनलले स्वागत गर्दछ । ऐनको दफा २१ अनुसार सरकारले निजी क्षेत्र लगायत सरकारी र गैर सरकारी साझेदारहरूसँगको परामर्शमा एउटा राष्ट्रिय खाद्य योजना तर्जुमा गर्नुपर्ने हुन्छ । यो ऐनले सरकारको आवधिक विकास योजनामा पनि खाद्य अधिकार, खाद्य र पोषण सुरक्षा तथा खाद्य सम्प्रभुताको कुराहरूलाई समावेश गर्नुपर्ने व्यवस्था गरेको छ ।

तथापि, ऐनले राष्ट्रिय खाद्य योजनाले संबोधन गर्नुपर्ने कुराहरू के के हुन् भनी व्यवस्था गर्न भने सकेको छैन । थुप्रै पक्षहरू (जस्तै भोकमरी र कुपोषणको रोकथाम, खाद्यान्न र पोषणमा पहुँच, कृषिको संबर्धन, कृषि सामग्रीहरूमा किसानहरूको पहुँच, खाद्य उत्पादन प्रणालीमा लैङ्गिक र सामाजिक समावेशिता, बिउको संरक्षण, जलवायु परिवर्तनले कृषिमा पारेको प्रभाव) यस्तो योजनाको सफल तर्जुमा र कार्यान्वयनका लागि महत्त्वपूर्ण रहेका हुन्छन् । यिनलाई तर्जुमा गर्ने क्रममा नै प्राथमिकता दिनुपर्दछ ।

यो ऐनले खाद्य परिषद् र सम्बन्धित अधिकारीहरूको परामर्शमा खाद्य अधिकारको अनुगमनका लागि सूचकहरूको एउटा संग्रह बनाउने परिकल्पना पनि गरेको छ । तथापि, खाद्य अधिकार प्राप्तिको प्रगतिलाई मापन गर्ने आधार तय गर्नका लागि आवश्यक सूचकहरूको सूची तयार गर्न यस अघि नै प्रयत्न गरिसकेको राष्ट्रिय मानवअधिकार आयोग समेत समावेश हुने गरी साझेदारहरूको सूचीलाई फराकिलो पार्ने व्यवस्था गर्न भने ऐन विफल भएको छ ।[44]

*सिफारिस :*

- *राष्ट्रिय खाद्य योजनाले समावेश गर्नुपर्ने प्राथमिक विषयहरूको सूची प्रदान गर्ने ।*

44 मानवअधिकार उच्चायुक्तको कार्यालय-नेपाल, राष्ट्रिय मानवअधिकार आयोग, *नेपालमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको अनुगमनका लागि सूचकहरू : प्रयोगकर्ताका लागि मार्गदर्शन,* http://nepal.ohchr.org/en/resources/publications/2011/Indicators%20for%20Monitoring%20ESCR%20in%20Nepal-%20A%20User's%20Guide.pdf

- *खाद्य अधिकार कार्यान्वयनको प्रगति थाह पाउनका लागि सूचकहरूको तयारी वा पुनरावलोकनका क्रममा राष्ट्रिय मानवअधिकार संस्थाहरू (रामाअसं), नागरिक समाज र अनुसन्धान संस्थाहरूसँगको परामर्शलाई सुनिश्चित गर्ने ।*

## ४.१०. तीन तहका सरकारबीचको समन्वय

यो ऐनले धेरै दफाहरूमा (दफा ७, ९, १२, १३, १८ र ३०) मा खाद्य असुरक्षाको अवस्थालाई संबोधन गर्ने लगायतका उपायहरू कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय, प्रदेश र केन्द्र सरकार बीचको "पारस्परिक समन्वय"को कुरा गरेको छ । सिद्धान्तका हिसाबमा कुरा गर्दा तीन तहबीचको पारस्परिक समन्वयलाई उल्लेख गरिनुको अर्थ बुझ्न सकिन्छ ।[45] तर, खाद्य सहायतालगायतका माध्यामबाट खाद्य असुरक्षाको अवस्थालाई संबोधन गर्ने जिम्मेवारीका सवालमा प्रत्येक तहको सरकारलाई स्पष्ट कानुनी प्रावधानसहितको स्पष्ट जिम्मेवारीहरू तोकिएको हुनुपर्दछ ।

*सिफारिस :*

- *यो ऐन कार्यान्वयनका लागि सबै तहका सरकारको जिम्मेवारी र भूमिका स्पष्ट हुनेगरी ऐनलाई संशोधन गरिनुपर्दछ ।*

## ४.११. वैज्ञानिक प्रविधिको विकास र अनुसन्धान

ऐनको दफा २५ ले खाद्य क्षेत्रमा आवश्यक अनुसन्धान र वैज्ञानिक प्रविधिको विकास र अनुसन्धानसम्बन्धी प्रावधानको व्यवस्था गरेको छ । ऐनले कृषिको दिगो विकास, खाद्य उत्पादनमा वृद्धि वा खाद्य र पोषण सुरक्षाको प्रवर्धनका लागि तीनै तहका सरकारहरूलाई वैज्ञानिक प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान र विकासका लागि प्रबन्ध गर्ने अधिकार दिएको छ । यसले नागरिक समाज, प्राज्ञिक क्षेत्र र अन्य सरोकारवालाहरूसँग सरकारको सहकार्यका लागि ढोका खोल्दछ ।

कानुनी प्रावधान पूर्ण भएकोले यो उद्देश्य पुरा गर्नका लागि सरकारको प्रत्येक तहले बजेट छुट्ट्याउने, अध्ययन अनुसन्धानका लागि विज्ञहरू झिकाउने लगायतका आवश्यक गतिविधिहरूका लागि स्पष्ट भएर अघि बढ्नुपर्ने हुन्छ ।

*सिफारिस :*

- *दफा २५ अन्तर्गतको अनुसन्धान र अध्ययनलाई अघि बढाउने सन्दर्भमा ख्याल गर्दा भूमिहीन, पूर्व कमैया, पूर्व कमलरी, पूर्व हलिया, दलित, आदिवासी जनजाति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, एचआइभि सङ्क्रमित व्यक्तिहरू, ग्रामीण र शहरी भेगका गरिबहरूको खाद्य असुरक्षाको अवस्था तथा कुनै पनि कानुन तथा नीतिले उनीहरूमा पार्ने प्रभावको मूल्याङ्कनलाई प्राथमिकता दिनुपर्दछ ।*

## ४.१२. मूल्य स्थिरता

45 नेपालको संविधान, धारा ५६ ।

ऐनको दफा २९ ले आधारभूत खाद्यको मूल्य स्थिरता कायम गर्ने जिम्मेवारी नेपाल सरकारलाई सुम्पेको कुरा ख्याल गर्न लायक रहेको छ । सुपथ मूल्यमा खाद्यमा पहुँच सुनिश्चित गर्न यो व्यवस्थालाई यथाशक्य छिटो अभ्यासमा ल्याइनुपर्दछ । तथापि, यो ऐनले सरकारलाई मूल्य स्थिर राख्ने सवालका विभिन्न विषयहरू (जस्तै मूल्यको निर्धारण गर्ने, मूल्य पुनरावलोकन गर्ने, मूल्यको अनुगमन गर्ने आदि) सम्बन्धी प्रकृया/कार्यविधि अवलम्वन गर्न मार्गदर्शन गरेको छैन । ऐनले यो कार्यका लागि जिम्मेवार विशिष्टिकृत सरकारी निकाय पनि सिर्जना गरेको छैन । साथै, प्रदेश र स्थानीय सरकारका लागि पनि यसमा कुनै भूमिका राखिएको छैन ।

*सिफारिस :*

- *मूल्य स्थिरता कायम गर्ने र प्रदेश तथा स्थानीय सरकारको भूमिकालाई स्पष्ट पार्ने गरी ऐन संशोधन गर्ने वा यस ऐनअन्तर्गत बन्ने नियमावलीमा यस्ता कार्यविधिहरूलाई स्पष्ट पार्दै विस्तृतरूपमा समावेश गर्ने ।*

## ४.१३. नोडल (सुपरिवेक्षण) संयन्त्रहरू

कुनै पनि अधिकार प्राप्तिको प्रथम खुड्किलो भनेको उक्त अधिकारलाई संविधान र कानुनमा मान्यता प्रदान गर्नु हो । तर खाद्य अधिकार र खाद्य सम्प्रभुताको सन्दर्भमा खाद्य अधिकारसम्बन्धी “फ्रेमओर्क” कानुनको प्रभावकारी कार्यान्वयनका लागि परिषद् जस्तै एउटा स्वतन्त्र र शक्तिशाली निकायको आवश्यकता पर्दछ । ऐनको (दफा ३२, ३४ र ३६) ले यस्तो संयन्त्र (प्रदेश र केन्द्र तहमा खाद्य परिषद र स्थानीय स्तरमा खाद्य समन्वय समिति) निर्माणको व्यवस्था गरेको भएपनि  यी संयन्त्ररूको गठन र कार्यादेशका बारेमा ऐनमा व्यवस्था गरिएको छैन । यी कुराहरू पुर्णतया सम्बन्धित सरकारको स्वविवेकमा छोडिएको छ ।

सिइएससिआर र खाद्य अधिकारसम्बन्धी विशेष प्रतिवेदक दुवैले यो ऐन कार्यान्वयनका लागि एउटा स्वतन्त्र र शक्तिशाली संयन्त्रको महत्त्व र आवश्यकतालाई उजागर गरेका छन् ।[46]

*सिफारिस :*

- *केन्द्र र प्रदेश खाद्य परिषद् तथा स्थानीय खाद्य समन्वय समितिहरूको काम, कर्तव्य र अधिकारलाई स्पष्ट व्याख्या गरी समावेश गर्न ऐन संशोधन गर्ने ।*

## ४.१४. कसुर र सजाय

ऐनको दफा ४० ले खाद्यको पहुँचमा अवरोध उत्पन्न गराउने र सोको परिणामस्वरुप खाद्य अधिकार उल्लङ्घन हुने केही निश्चित कार्यहरूलाई[47] अपराधिकरण गरेको छ । दफा ४४ ले सरकारलाई निरीक्षण अधिकृत नियुक्त गर्न र खटाउन अधिकार प्रदान गरेको छ जसले यस ऐनअन्तर्गत निषेधित

[46] खाद्य अधिकारसम्बन्धी विशेष प्रतिवेदकले जोड दिएजस्तै सरकारलाई खाद्य र पोषण सुरक्षमा सल्लाह दिने सम्बन्धित सरकारी मन्त्रालय तथा संस्थाहरू, नागरिक समाजका सदस्यहरू, खाद्यान्न उत्पादकहरूको सङ्गठन र निजी क्षेत्रसहितको एउटा स्वतन्त्र परिषद्को गठन गरेर एउटा एकीकृत र सिलसिलेवार पद्धतिलाई संस्थागत गर्नु अति महत्त्वपूर्ण हुन्छ । हेर्नुहोस्, खाद्य अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक, मलावी मिसन, UN Doc. A/HRC/25/57/Add.1. यो पनि हेर्नुहोस्, सिइएससिआर सामान्य टिप्पणी १२, पर्याप्त खाद्यको अधिकार, (धारा ११) संयुक्त राष्ट्रसङ्घीय दस्तावेज, E/C.12/1999/5.

[47] यस ऐनअन्तर्गतका कसुरहरूमा “कसैलाई अत्यावश्यक खाद्यको पहुँचबाट वञ्चित गरी गम्भीर हानि पुऱ्याउने वा भोकमरीको स्थिति सिर्जना गर्ने कार्य; आपतकालीन सहायताको प्रयोजनका लागि सञ्चित तथा सङ्कलित खाद्य वस्तुलाई कब्जा गर्ने वा नष्ट गर्ने वा दुरूपयोग गर्ने कार्य; आपतकालीन खाद्य सहायता वितरणमा अवरोध सिर्जना गर्ने कार्य; आधारभूत खाद्यवस्तुको ढुवानी, आपुर्ति, वितरण तथा बजारीकरणमा सङ्गठित रूपले बाधा सिर्जना कार्य; जीविकोपार्जनको आधारबाट विमुख पार्ने गरी वासस्थानविहीन बनाउने कार्य; लक्षित वर्ग वा पिछडिएको वर्गलाई खाद्य वितरण नगर्ने कार्य” पर्दछन् ।

कार्यको अनुसन्धान गर्नुपर्ने हुन्छ। यो ऐनको प्रावधानमा उचित कानुनी प्रकृया र निष्पक्ष सुनुवाइको प्रत्याभूति अनुरुप हुनेगरी उचित रूपमा अनुसन्धान गर्नका लागि निरीक्षण अधिकृतहरूले पर्याप्त तालिम र क्षमता हाँसिल गरेको हुनुपर्ने व्यवस्था राखिएको छैन ।

दफा ४१ (२) ले दफा ४० अन्तर्गतको कसुर गरेको कोही व्यक्तिविरुद्ध अभियोजन गर्नका लागि ३५ दिनको हदम्याादको व्यवस्था गरेको छ । यो प्रावधान नेपालको वर्तमान सामाजिक-आर्थिक वास्तविकता (उदाहरणका लागि भौगोलिक विकटता, शिक्षामा भएको लैङ्गिक र जातिगत असमानता र कानुनी चेतनाको अभाव) र कसुरको गाम्भीर्यता अनुकूल छैन ।

*सिफारिस :*

- *निरीक्षण अधिकृतहरूले उचित कानुनी प्रकृया र निष्पक्ष सुनुवाइको प्रत्याभूतिअनुसार उचित अनुसन्धान गर्नका लागि उनीहरूले पर्याप्त तालिम र क्षमता विकासको अवसर पाएको सुनिश्चित गर्ने गरी कानुनमा संशोधन गर्ने ।*
- *कसुरको गाम्भीर्यता र नेपालको भौगोलिक सन्दर्भ सुहाउँदो हदम्यादको व्यवस्था गर्नेगरी कानुन संशोधन गर्ने ।*

# ४.१५. क्षतिपूर्ति

दफा २० ले बाली उत्पादन नभएको अवस्थामा क्षतिपूर्तिको व्यवस्था गरेको छ। यो एउटा स्वागतयोग्य व्यवस्था हो र यो सर्वोच्च अदालतको आदेशअनुरुप छ।[48] तथापि, गुनासोहरूको सुनुवाइ गर्ने, क्षतिको मूल्याङ्कन गर्ने तथा पर्याप्त क्षतिपूर्ति प्रदान गर्ने जिम्मेवार संयन्त्रका बारेमा ऐनमा कुनै व्यवस्था गरिएको छैन ।

दफा ४३ ले पनि यो ऐनअन्तर्गतको कसुरबाट पीडित भएकाहरूका लागि क्षतिपूर्तिको व्यवस्था गरेको छ। तर क्षतिपूर्तिका मापदण्डका बारेमा ऐनमा विस्तृत केही खुलाइएको छैन। बरु यसलाई सरकारको स्वविवेकमा छाडिएको छ।

*सिफारिस :*

- *बाली उत्पादन नभई भएको क्षतिका सम्बन्धमा अनुसन्धान र मूल्याङ्कन गरी क्षतिपूर्ति प्रदान गर्न जिम्मेवार संरचनाका बारेमा निर्दिष्ट गर्दै ऐन संशोधन गर्ने ।*
- *क्षतिपूर्ति निर्धारणका लागि मापदण्ड स्पष्ट पार्दै ऐन संशोधन गर्ने।*
- *प्रभावित समुदाय र घरपरिवारका लागि अन्य स्वरूपको सामूहिक र निजी परिपूरणका स्वरूपहरू (जस्तै सम्बन्धित घरपरिवार वा समुदायलाई सहुलियत, नरम कर्जा, लघु कर्जा र अन्य सहयोगका उपायहरूमा प्राथमिकता) लाई एकीकृत गर्ने ।*

# ४.१६. गुनासो सुन्ने संयन्त्र

[48] बाजुद्दिन मिया समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, (कोशी टप्पु वन्यजन्तु आरक्षका जङ्गली जनावरबाट भएको बाली क्षति) (रिट नं.WO-0३३८) (वि.सं. २०६४), ५ चैत्र २०६५ ।

अपराध अनुसन्धान र अभियोजनसम्बन्धी संयन्त्रका अलावा अधिकारधारकहरूले कानुनबमोजिमका अधिकारहरू उपलब्ध नगराइएको वा कर्तव्यबाहकले आफ्नो कर्तव्य निर्वाह नगरेको भन्ने लागेको अवस्थामा त्यस्ता गुनासोहरूको सुनुवाइका लागि ऐनले कुनै संयन्त्रको व्यवस्था गरेको छैन । यसमा कुनै स्वतन्त्र प्रशासकीय गुनासो संयन्त्र हुनसक्छ जसले गुनासोकर्तालाई तत्काल गुनासोको उपचार प्रदान गर्दछ । साथै यस्तो उपचार पद्धतिलाई न्यायिक उपचारको प्रकृयामा जानुअघि सम्पन्न गरेको हुनुपर्दछ । यस्तो गुनासो सुन्ने अधिकारीहरू पारदर्शी प्रकृयाबाट नियुक्त गरिएको हुनुपर्दछ । त्यस्तै यो कानुनका प्रावधानहरूको कार्यान्वयनको अनुगमन गर्न तथा सरकारका सबै तहलाई सिफारिस गर्नका लागि राष्ट्रिय मानवअधिकार आयोगलाई जिम्मेवारी सुम्पदै गुनासो प्रकृयाकै लागि भने कुनै अर्धन्यायिक संयन्त्र बनाउन सकिन्छ ।

*सिफारिस :*

- *यो ऐनबमोजिम कर्तव्यबाहकहरूले आफ्नो कर्तव्य पुरा नगरेको वा अधिकार उपलब्ध नगरेको वा कानुनका प्रावधानहरूलाई विभेदजन्य हिसाबमा प्रयोग गरेको साझेदारहरूलाई लागेको अवस्थामा सोको बारेमा गुनासो गर्नका लागि तथा ती गुनासोमाथि सुनुवाइ गर्न एउटा छुट्टै प्रशासनिक वा अर्धन्यायिक संयन्त्र निर्माण गर्ने व्यवस्थासहित ऐनमा संशोधन गर्ने ।*

# ५. निष्कर्श

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५ को निर्माण नेपालमा खाद्य अधिकारलाई वास्तविकतामा परिवर्तन गर्नेतर्फको एउटा महत्त्वपूर्ण कदम हो । यो ऐनमा खाद्य-असुरक्षामा रहेका घरपरिवारहरूको पहिचान गर्ने, किसानको अधिकार संरक्षण गर्ने, खाद्य योजना तर्जुमा गर्ने तथा न्यूनतम अत्यावश्यक खाद्यान्नको पहुँचमा अवरोध खडा गर्ने कार्यलाई दण्डित गर्ने जस्ता सकारात्मक प्रावधानहरू रहेका छन् । जनचेतना वृद्धि गरेर, आवश्यक नीति/नियमहरू तर्जुमा गरेर र साझेदारहरूसँगको परामर्शमा राष्ट्रिय खाद्य योजना बनाएर यस्ता प्रावधानहरूको कार्यान्वयनलाई उच्च प्राथमिकता दिनुपर्दछ ।

नेपालको संवैधानिक र अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वका सन्दर्भमा यस ऐनका प्रावधानहरूलाई मूल्याङ्कन गर्दा एम्नेस्टी इन्टरनेसनले शब्दावलीहरूको परिभाषा, हक अधिकार प्राप्ति तथा कार्यान्वयन संयन्त्रका सवालमा विभिन्न कमजोरीहरू रहेको पाएको छ जसलाई संशोधनका माध्यमबाट संबोधन गरिनुपर्दछ । कतिपय यी थुप्रै कमीहरूलाई नियमावलीमार्फत पनि संबोधन गर्न सकिन्छ । यो कानुनी खाकालाई निम्नानुसार थप सुदृढ बनाउन सकिन्छ :– क) यसमा रहेका मुख्य शब्दावलीहरू जस्तै “खाद्य अधिकार”, “किसान”, “भोक”, “भोकमरी”, “कुपोषण” र “जोखिमता”लाई अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्डबमोजिम हुनेगरी परिभाषित गरेर ख) भोकमरीमा परेकाहरूका संरक्षणका लागि तत्काल खाद्य/पोषण सहायताको व्यवस्था गरेर ग) भोकमरीबाट हुने/भएका कुनै पनि मृत्युको अनुसन्धानलाई अनिवार्य बनाएर घ) लक्षित घरपरिवारलाई प्रदान गरिने खाद्य सहयाताको मात्रा र स्वरुपलाई निर्दिष्ट पारेर ङ) दलित समुदायका किसान र महिला किसान तथा भूमिमा आश्रित थारु लगायतका आदिवासी जनजातिलाई कृषियोग्य भूमिमाथि पहुँच प्रदान गर्ने सवालमा प्राथमिकीकरण गर्ने स्पष्ट मार्गनिर्देशनको व्यवस्था गरेर च) मापदण्ड निर्धारण तथा ऐनको कार्यान्वयन र अनुगमनका लागि सरकारलाई सल्लाह दिने अधिकारसहितको विशिष्टिकृति *नोडल* निकाय गठन गरेर छ) खाद्यान्नमा पहुँच प्रत्याभूत गर्नका लागि योजना तथा कार्यक्रम निर्माणमा आदिवासी जनजाति समुदायको सहभागितालाई अनिवार्य बनाएर ।

एम्नेस्टी इन्टरनेसनल मानवअधिकारका लागि एउटा विश्वव्यापी अभियान हो ।

कोही एकजनालाई अन्याय हुँदा त्यो हामी सबैको चासोको विषय बन्छ ।


CONTACT US

info@amnesty.org

+44 (0)20 7413 5500

JOIN THE CONVERSATION

www.facebook.com/AmnestyGlobal

@Amnesty

# नेपालमा खाद्य अधिकार

## खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५ को विश्लेषण

एम्नेस्टी इन्टरनेसनलले खाद्य अधिकारसम्बन्धी नेपालको संवैधानिक व्यवस्था र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धलगायत अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूका आधारमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५ को विश्लेषण गरेको छ । यो विश्लेषणले यस कानुनी खाकालाई सुदृढ बनाउन केही ठोस सिफारिसहरू प्रदान गर्दै ऐनका सकारात्मक व्यवस्थाहरू कार्यान्वयनका लागि सरकारलाई झकझकाएको छ । आदिवासी जनजाति, सीमान्तकृत समुदाय र खाद्य अधिकार उल्लङ्घनको जोखिममा रहेकाहरू लगायत सबैले पर्याप्त खाद्य अधिकारलाई पूर्णरूपमा प्राप्ति गरेको सुनिश्चित गर्न ऐनका केही सारभूत विषयहरूलाई संबोधन गर्न एम्नेस्टी इन्टरनेसनल नेपाल सरकारलाई अनुरोध गर्दछ ।



INDEX: ASA 31/0130/2019
MARCH 2019
LANGUAGE: ENGLISH
amnesty.org